नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

को

## टेष्ट ट्युब बेबी (IVF) सेन्टर संचालन सम्बन्धि अत्यन्त जरुरी सूचना

जनस्वास्थ्य सेवा सेवा नियमावली, २०७७ को नियम १२ बमोजिम निजी, गैरसरकारी, सहकारी वा गैर नाफामुलक सामुदायिक स्वास्थ्य संस्था संचालनका लागि सो नियमावलीको अनुसूची-९ बमोजिमका स्वास्थ्य संस्थाले अनुसूची बमोजिमका निकायबाट इजाजतपत्र लिनुपर्ने कानूनी व्यवस्था भएको र सो अनुसूची बमोजिम टेष्ट ट्युब बेबी सेन्टर संचालन गर्न यस मन्त्रालयबाट इजाजतपत्र लिनुपर्ने व्यवस्था रहेको हुँदा अन्य निकायबाट अनुमति लिई वा नलिई संचालनमा रहेका त्यस्ता सेन्टरहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस मन्त्रालयमा निवेदन दिनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ | सो अवधिभित्र दर्ता प्रक्रियामा नआए कानून बमोजिम हुने व्यहोरा पनि अनुरोध छ | विस्तृत जानकारीको लागि यस मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखामा सम्पर्क गर्नुहुन अनुरोध छ |